मितिः २०८१/०२/११

कार्यव्यवस्था
प्रतिनिधि सभा
दर्ता नं.: ०१
मितिः २०८१।२।१३
समय: १:२६

श्री महासचिव ज्यू,

प्रतिनिधिसभा ।

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ७१ बमोजिम देहाय बमोजिमको संकल्प प्रस्तावमाथि छलफल गर्न यो सूचना दिएको छु ।

<u>जरुरी सार्वजनिक महत्वको प्रस्तावः</u>

नेपालमा सार्वजनिक जग्गाको अतिक्रमण तथा दुरुपयोग भएका तथ्य र प्रमाणहरू व्यापक रुपमा सार्वजनिक भइरहेका छन् । सार्वजनिक संघ–संस्था जस्तै विश्वविद्यालय, मठ मन्दिर तथा अन्य विभिन्न क्षेत्रका बहुमूल्य जग्गा राजनीतिक पँहुच र आग्रह–पूर्वाग्रहका आधारमा, स्वार्थ समूहहरूसँग मिलेमतो गरी विभिन्न व्यक्ति, संघ संस्था तथा निजी कम्पनीलाई सस्तोमा तथा कतिपय निशुल्क भाडामा वा लिजमा दिइएको छ ।यसरी अतिक्रमण गरिएका सार्वजनिक जग्गा पटक–पटक किनबेच समेत भएका तथ्यहरू छन् । जसले यसको व्यवस्थापन, अभिलेखीकरण तथा फिर्ता ल्याउने सन्दर्भमा थुप्रै चुनौतीहरू थपिरहेको छ ।

सार्वजनिक भूमि व्यवस्थापनका लागि निर्माण गरिएका राज्यका निकायको अव्यवस्थित र अपर्याप्त अभिलेख तथा जग्गाको नापी–नक्साको वास्तविक अवस्थाको समयमै उपलब्धता नहुँदा वा उचित उपयोग गर्न नसक्दा सार्वजनिक जग्गाको दुरुपयोग झनै बढ्दै गएको देखिन्छ । उदाहरणका लागि, आफ्नो संस्थाको नाममा रहेका जग्गाको सही अभिलेख वा प्रभावकारी रूपमा उपयोग गर्न नसक्दा त्रिभुवन विश्वविद्यालयको जग्गा राजनीतिक हस्तक्षेप र व्यक्तिगत प्रलोभन तथा स्वार्थका आधरमा, विभिन्न व्यक्ति र निजी संघ–संस्थाहरूलाई सस्तोमा भाडामा दिइएको छ । जसले नेपालमा यस्तै प्रकृतिका थुप्रै सार्वजनिक जग्गाको अतिक्रमण तथा दुरुपयोग भएको तथ्य पुष्टि गर्दछ भने यसको उचित व्यवस्थापन र उपयोग गर्न नसक्दा राज्यलाई ठूलो राजस्व घाटा तथा नागरिकका लागि प्राप्त हुने सार्वजनिक लाभका अवसरहरूबाट समेत बञ्चित गरेको छ ।

यसैगरी मुक्त कमैया तथा सुकुमवासीका नाममा हडपिएका तथा बाँडफाँड गरिएका सार्वजनिक जग्गाहरू राजनीतिक संरक्षण एवं राज्यका निकायहरूको कमजोर व्यवस्थापनका कारण निरन्तर अतिक्रमणमा परेका छन् । विभिन्न धार्मिक संघ–संस्थाका नाममा रहेका थुप्रै सार्वजनिक जग्गाको समेत दुरुपयोग भएको देखिन्छ । सार्वजनिक गुठीका नाममा रहेका कतिपय सार्वजनिक जग्गाको पनि अपचलन भएको प्रमाण प्रशस्तै छन् ।

यसरी विभिन्न नाममा भएका सार्वजनिक जग्गाको अतिक्रमण तथा दुरुपयोग रोक्न नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत सञ्चालित भूमि व्यवस्था तथा अभिलेख विभागलाई जग्गाको अभिलेख राख्ने जिम्मेवारी दिइएको छ । तर, आजसम्म नेपाल सरकार तथा अभिलेख विभागसँग सार्वजनिक जग्गाहरूको व्यवस्थित अभिलेख नै छैन भने देशभर सार्वजनिक जग्गा कति छ भनेर खोज्नका लागि एकीकृत र बृहत् प्रणाली समेत बनाउन सकेको छैन ।

२०७२ को संविधान निर्माण तथा संघीयता कार्यान्वयन भएसँगै सार्वजनिक जग्गा अभिलेख राख्न तथा संरक्षण गर्न स्थानीय तहलाई थप सक्रिय बनाउन केही अधिकार प्रत्याभूत गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई सार्वजनिक सम्पत्ति सम्पत्तिको हेरचाह र मर्मत सम्भार गर्ने दायित्व समेत प्रदान गरिएको छ । तर, पर्याप्त स्रोत साधनको अभाव, दक्ष जनशक्तिको अभाव, प्राविधिक एवं एकीकृत नीतिको अभाव, तत्परता र निरन्तरताको अभाव जस्ता विभिन्न कारणले सार्वजनिक जग्गा संरक्षण तथा व्यवस्थापनका लागि स्थानीय तहहरूले गरिरहेका प्रयासले उचित प्रतिफल दिन सकेको छैन ।

यसै सन्दर्भमा, सार्वजनिक जग्गाको दुरुपयोग रोक्न भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले २०७८ चैत ११ गते परिपत्र जारी गर्दै सबै स्थानीय तहलाई सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख राख्न र अनधिकृत प्रयोग र दुरुपयोगबाट जोगाउन निर्देशन नै दिएको थियो । उक्त निर्देशनले विशेषगरी अनधिकृत प्लटिङ, दर्ता नक्सामा ओभरल्यापिङ, र अवैध जग्गा कब्जा जस्ता मुद्दाहरूलाई सम्बोधन गर्न भनिएता पनि यो कदमले महत्वपूर्ण परिणाम प्राप्त गर्न सकेन । धेरैजसो स्थानीय तहहरूले त आफ्नो क्षेत्रमा सार्वजनिक जग्गा के कति छ भनेर हालसम्म पनि विवरणहरू समेत पेश गर्न सकेका छैनन् ।

पूर्वसचिव रामबहादुर रावल नेतृत्वको आयोगले २०५२ मा अध्ययन गरी सरकारसामु गरेको प्रतिवेदन कार्यान्वयनमा आएन । रावल नेतृत्वको आयोगले उपत्यकाभित्र मात्र करिब १ हजार ८ सय ६० रोपनी सार्वजनिक जग्गा अतिक्रमण भएको र अतिक्रमण गर्नेको सूचीसहित तथ्य/तथ्यांक बाहिर आएको थियो । उक्त प्रतिवेदन अझै कार्यान्वयनमा आएको छैन ।

यसैगरी, २०७६ सालमा विशेष अदालतका पूर्वअध्यक्ष मोहनरामन भट्टराईको अध्यक्षतामा 'सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षण जाँचबुझ आयोग गठन' गरी ६ महिनाभित्र देशभरका अतिक्रमित सार्वजनिक जग्गा पहिचान गरी अभिलेखीकरण गर्ने जिम्मेवारी दिइएको थियो । उक्त आयोगले अतिक्रमणमा परेका केही सार्वजनिक जग्गाको विवरण खोजेता पनि पूर्ण विवरण तथा तथ्याङ्क उपलब्ध गराउन सकेन । फेरी, उक्त आयोगले दोश्रो प्रतिवेदन पनि बुझाएको तर पहिलो चरणको मात्रै आंशिक कार्यान्वयन भएको छ र दोश्रो प्रतिवेदन सार्वजनिक नै नगरिएको देखिन्छ ।

एकतर्फ, यसरी बनाइएका प्रतिवेदन सार्वजनिक नै नहुने तथा सार्वजनिक भएता पनि कार्यान्वयन नहुने प्रवृतिले राज्यको अनुगमन तथा जवाफदेहिताको निरन्तर अभाव प्रष्ट पार्दछ । अर्कातर्फ, राज्यका विभिन्न तहले समय बखतमा लिएका केही पहल र प्रयास कार्यान्वयन हुन नसक्दा सार्वजनिक जग्गा संरक्षणको कार्य झन्झन् चुनौतीपूर्ण बन्दै गएको छ । यो सँगै, सरकारको अभिलेख राख्ने विकेन्द्रीकृत प्रकृतिको खण्डित प्रणालीका कारण प्राप्त तथ्यांक तथा विवरणमा दोहोरोपना रहेको हुँदा सार्वजनिक जग्गाको संरक्षणका लागि गरेका केही प्रयासहरूले समेत यसको एकीकृत व्यवस्थापनमा जटिलता थपेको देखिन्छ ।

त्यसैगरी, नेपालको सुशासन सम्बन्धी ऐन, २०६४ को दफा ७ मा सार्वजनिक स्रोतको दिगो तथा कुशल व्यवस्थापन गर्ने नेपाल सरकारले अख्तियार गर्ने नीति हुनेछ भनी उल्लेख गरेको छ । तर हालसम्म पनि सार्वजनिक जग्गाको संरक्षण प्रयोजनको निमित्त नेपाल सरकारले समय—समयमा परिपत्र जारी गर्नेबाहेक यसको व्यवस्थापनका लागि ठोस निति तथा कानुनको निर्माण गर्न सकेको छैन । यसरी, नेपालमा सार्वजनिक जग्गाको संरक्षण गर्नका निमित्त पर्याप्त कानुन निर्माण नभएको र अर्का तर्फ राजनीतिक अस्थिरताको फाइदा उठाएर सार्वजनिक जग्गाको दुरुपयोग गर्ने प्रवृत्ति झनझन् बढ्दै गएको छ भने सार्वजनिक जग्गाको व्यवस्थापनका लागि विभिन्न तह र निकायले गरेका अव्यवस्थित योजना तथा प्रयासले प्रतिफल दिन सकेको छैन । त्यसैले यसको उचित व्यवस्थापनका लागि एकीकृत, पारदर्शी र प्रभावकारी प्रणाली तथा छाता नीति निर्माण गरेर विगतमा गरिएका प्रयासहरूलाई समेत समेट्दै र कमजोरीहरूलाई सम्बोधन गर्दै यसको एकीकृत व्यवस्थापन गर्नु आजको आवश्यकता हो ।

यो संगै, नेपालको आर्थिक विकासका निमित्त सरकारले आफ्नो स्वामित्वमा रहेको सार्वजनिक जग्गाको संरक्षण गरी सार्वजनिक हितका लागि अधिकतम लाभ प्राप्त हुने गरी व्यवस्थापन गर्नु आजको प्रमुख जिम्मेवारी हो । त्यसैले, नेपालमा रहेका सबै सार्वजनिक जग्गाको एकीकृत अभिलेखीकरण गर्दै विभिन्न व्यक्ति, संघ संस्था तथा कम्पनीका नाममा रहेका सार्वजनिक जग्गा, पर्ति जग्गा, लिजमा दिइएका जग्गा आदि एकीकृत रुपमा 'सार्वजनिक जग्गा' को एकीकृत व्यवस्थापन गर्ने विषयलाई सम्बोधन गर्न यस सङ्कल्प प्रस्तुत गर्दछु ।

<u>छलफल गर्नु पर्नाको कारण:</u>

१. हाल सम्म नेपाल सरकारले सार्वजनिक जग्गाको खोज तथा व्यवस्थापन गर्न बनाएका विभिन्न आयोगका प्रतिवेदन सार्वजनिक गर्ने र सार्वजनिक भएका प्रतिवेदनको पूर्ण कार्यान्वयन गर्ने ।
२. राजनीतिक शक्ति र पहुँचको दुरुपयोग गर्दै हुने सार्वजनिक जग्गाको अतिक्रमण रोक्न र विगतमा अतिक्रमित भएका सार्वजनिक जग्गालाई नेपाल सरकारको मातहतमा ल्याउन ।

३. सार्वजनिक जग्गाको संरक्षणका निमित्त हाल प्रचलनमा रहेका विद्यमान कानून तथा नीतिहरू सार्वजनिक जग्गाको अनधिकृत अतिक्रमण रोक्न असमर्थ भएको हुँदा विद्यमान कानुन थप सुदृढ गर्न तथा सार्वजनिक जग्गाको स्वामित्व र उपयोगमा रहेका हालका विवादहरू चुस्त रूपमा समाधान गर्न मौजुदा कानुनमा आवश्यक परिमार्जन गर्दै छुट्टै एकीकृत छाता नीति तथा कानुनको निर्माण गरी निरन्तर अनुगमन गर्न र गराउन ।

४. सार्वजनिक जग्गाको व्यवस्थापनमा जनसहभागितालाई प्रोत्साहन गर्दै पारदर्शिता अभिवृद्धि गर्न र सार्वजनिक जग्गाको उपयोग समाजको वृहत्तर हितको निमित्त गर्न ।

५. सार्वजनिक जग्गाको वैज्ञानिक अभिलेख राख्दै यसको एकीकृत व्यवस्थापन गर्न, केन्द्रीकृत डाटाबेसको निर्माण गरी व्यवस्थित तथा एकीकृत अभिलेख राख्ने । यस्ता तथ्यांक संकलन गर्दा अन्तर—सरकार तथा निकायहरूबीचको सञ्चार र समन्वयलाई सुदृढ गर्ने ।

६. सार्वजनिक जग्गा अभिलेखहरूको केन्द्रीकृत डिजिटल डाटावेस निर्माण गरी यससम्वन्धी सूचनाको पहुँचमा वृद्धि गरी पारदर्शिता कायम गर्न ।

७. वैज्ञानिक प्रणालीवाट सार्वजनिक जग्गाको सर्वेक्षण गरी उक्त जग्गाहरूको वास्तविक र वर्तमान अवस्थाको तथ्याङ्क सङ्कलन गर्न भौगोलिक सूचना प्रणाली (GIS), उपग्रह इमेजरी (Satellite Imagery) जस्ता वर्तमान समयका उन्नत प्रविधिहरूको प्रयोगमा अभिवृद्धि गर्ने ।

<u>सम्बन्धित मन्त्रालय</u>:- गृह मन्त्रालय/ नेपाल सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

<u>प्रस्तावक</u>

हस्ताक्षर :

नाम थर : श्री प्रदीप पौडेल

क्रम सङ्ख्या : १२२

मिति : २०८१।२।११

<u>समर्थक</u>

१. नाम थर : सपना राय भण्डारी

क्रम सङ्ख्या : २३८

मिति : २०८१।२।११

२. नाम थर : प्रतिमा गौतम

क्रम सङ्ख्या : १२०

मिति : २०८१।२।११